ललितपुर महानगरपालिका
यल महानगरपालिका
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

मितिः २०७८/०४/२५

प.सं.२०७८/०७९
च.नं.

**विषयः छात्रवृत्ती सम्बन्धि सूचना ।**

मौजुदा शिक्षा ऐन/नियम तथा ललितपुर महानगरपालिकाको शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको शिक्षा कार्यविधि २०७६ समेतमा व्यवस्था भए बमोजिम शैक्षिक सत्र २०७८ मा ललितपुर महानगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका निजी/संस्थागत विद्यालयले प्रदान गर्नु पर्ने (१०% मा नघटाई) (मधेशी, पिछडिएका क्षेत्र, आर्थिकरूपले पिछडिएको (विपन्न) बर्ग, जेहन्दार, अपाङ्ग, महिला, दलित, जनजाती र लोपन्मुख बर्ग) छात्रवृत्तीमा अध्ययन गर्न चाहने कक्षा ११ मा अध्ययनरत विद्यार्थीले देहाय बमोजिम कागजात संलग्न गरी तोकिएको ढाँचामा मिति २०७८ भाद्र २४ गते भित्र यस महानगरपालिकाको शिक्षा महाशाखामा निबेदन पेश गर्न हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

महेन्द्र बहादुर क्षेत्री
प्रमुख
शिक्षा महाशाखा

<u>तपसिल</u>

१. कक्षा ११ मा भर्ना भएको कागजातज ।
२. विद्यार्थी/अभिभावकको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।
३. समाबेसी कोटामा अध्ययन गर्न चाहने विद्यार्थीले आधिकारिक आयोग/संघ संस्थाबाट परिचय खुलेको प्रमाण-पत्र ।
४. स्थानिय तहबाट आर्थिकरूपले पिछडिएको (विपन्न) बर्ग खुलेको सिफारिस-पत्र ।

श्री ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा महाशाखा
पुल्चोक, ललितपुर ।

**विषय: छात्रवृत्ति सम्बन्धमा ।**

**महोदय,**

प्रस्तुत विषयमा यस महानगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेको देहाय बमोजिमको विद्यालयमा म/मेरो छोरा/छोरी कक्षा ११ मा भर्ना भई/अध्ययनरत रहेकोले निम्नानुसारको छात्रवृत्ती पाउँन यो निवेदन पेश गरेको छु ।

अभिभावकको नाम: .......................................................

विद्यार्थीको नाम:.................................. (अग्रेजीमा नाम):.................

शै.स.२०७८ को कक्षा ११ मा भर्ना भएको विद्यालयको नामः...............................................

विद्यालयको ठेगाना: ललितपुर महानगरपालिका वडा नं.........................

गत शैक्षिक सत्र २०७७ मा (कक्षा १०) अध्ययन गरेको विद्यालयको नामः..........................

माग गरेको छात्रवृत्तीको किसिम: आर्थिकरूपले पछडिएको(विपन्न) / जेहन्दार / जनजाती / दलित /महिला / अपाङ्ग / लोपन्मुख / पछडिएको क्षेत्र/ मधेशी / अन्य:-

निवेदक
नाम:
दस्तखत:
ठेगाना:
सम्पर्क नं.:
मिति:

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरू:

१) नगरपालिका/गाऊँपालिका/ वडा कार्यालयको विपन्नता खोलिएको सिफारिस सक्कलै।
२) SEE परीक्षाको ग्रेडसीट/प्रमाणको प्रतिलिपी
३) आरक्षण/ समाबेसी कोटामा अध्ययन गर्न चाहने विद्यार्थीले आधिकारिक आयोग/संघ संस्थाबाट परिचय खुलेको प्रमाण-पत्र ।
४) अभिभावकको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।